## अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०२।१३ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको ।

-------------------------------------------------

इलाका प्रशासन कार्यालय, रामगोपालपुर, महोत्तरीमा कार्यरत कम्प्यूटर अपरेटर अशोक कुमार सिंहले सेवाग्राहीसँग नागरिकताको प्रमाण-पत्र बनाउन सहज गराई दिए वापत घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासबाट खटिई गएको टोलीले निज कम्प्युटर अपरेटर अशोक कुमार सिंहलाई सेवाग्राहीसँग रू.४,०००।- (चार हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा उक्त रकम सहित नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज अशोक कुमार सिंहले नागरिकता बनाएबापत भनी सेवाग्राहीसँग घुस रकम माग गरी लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर अपराध गरेको स-प्रमाण पुष्टि भएकोले निजलाई बिगो रू.४,०००।-(चार हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता